# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष ६ गते २०२७ साल

### निर्वाचन आयोगको
### सूचना

गाउँ पञ्चायत, नगर पञ्चायत तथा जिल्ला सभा सदस्यको निर्वाचनको सम्बन्धमा स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ५ (१), १०, १३ र २९ (२) को प्रयोजनको लागि यस आयोगले सोही ऐनको दफा ३० को उप–दफा १ ले दिएको अधिकार प्रयोग गरी देहायको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

१. (क) गाउँ पञ्चायतको मतदाताको नामावली निर्वाचन कार्यक्रमको साथ साथै गाउँ पञ्चायत कार्यालयमा सबैले देख्ने गरी प्रकाशित गरिनेछ । नगर पञ्चायतको हक्मा मतदाता नामावली निर्वाचन कार्यक्रमको साथमा नगर वडा समितिको कार्यालयमा प्रकाशित गरिनेछ ।

नामावली प्रकाशन भएको मितिले कम्तीमा तेस्रो दिन नभई नामावलीमा दर्ता भएको कुनै व्यहोरा सच्याउन, छुट् भएको नाम दर्ता गर्न वा नामावलीमा कसैको नाम कटाउन कुनै दावी वा विरोधको दरखास्त लिइने छैन ।

नामावलीमा कुनै दर्ता सच्याई माग्न वा छुट् भएको नाम दर्ता गर्न वा कसैको नाम कटाउनको लागि दावी वा विरोधको दरखास्त बिन गाउँ पञ्चायतको हक्मा



625

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्तीमा एक दिन र नगर पञ्चायतको हक्मा कम्तीमा २ दिनको म्याद दिइनेछ र सो म्यादको मिति निर्वाचन कार्यक्रममा तोकेबमोजिम हुनेछ ।

(ख) जिल्ला सभा सदस्य तथा नगर पञ्चायतको प्रधान पंच र उप-प्रधान पंच पदको निर्वाचनको मतदाता नामावली सम्बन्धित गा. पं. । न. पं. कार्यालयमा प्रकाशित गरिनेछ । नामावली प्रकाशित भएको कम्तीमा एकघण्टा नभई दावी विरोध लिइने छैन ।

२. (क) गाउँ पञ्चायत र नगर पञ्चायतको निर्वाचनमा उम्मेदवारको दरखास्तको जाँच-बुझ भइसकी उम्मेदवारले नाम फिर्ता लिने म्याद समाप्त भएपछि कायम हुन-आएका उम्मेदवारहरूको सूची निम्नबमोजिमको ढाँचामा प्रकाशित गरिनेछ ।

उम्मेदवारको नाम प्रकाशन

... ... जिल्ला ... ... गाउँ । नगर पञ्चायतका रिक्त भएको निम्नलिखित पदहरूमा निम्नलिखित व्यक्तिहरू उम्मेदवार कायम भएको सूचना प्रकाशित गरिएको छ ।

| रिक्त पदको नाम वा रिक्त वडाको नम्बर | उम्मेदवारको नाम, थर (एकपदको उम्मेदवारको नाम वर्णानुक्रमले) | ठेगाना वडा नं. | उमेर | लिङ्ग | रङ्ग वा चिन्ह | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

... ... ... ... ... ...

स्थान ... ... ... ... ...

मिति ... ... ... ... ... (पोलिङ्ग अधिकृतको सही)

(ख) जिल्ला सभा सदस्यको निर्वाचनमा दरखास्त दर्ता गर्ने उम्मेदवारहरूमध्ये कायम हुनआएका उम्मेदवारहरूको नाम तलको ढाँचामा प्रकाशित गरिनेछ ।

630

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

## उम्मेदवारको नाम प्रकाशन

जिल्लाको नाम... ... ...गाउँ पञ्चायत / न. पं. को नाम ... ... ... रिक्त पदको नाम ... ... ... ...

| उम्मेदवारको नाम (वर्णानुक्रमले) | ठेगाना वडा नं | उमेर | लिङ्ग | कैफियत |
|---|---|---|---|---|
| | | | | |

मितिः– ... ... ... ... ...

... ... ... ... ... ... ...
(पोलिङ्ग अधिकृतको सही)

३ (क) गाउँ पञ्चायतको प्रधान पञ्च, उपप्रधान र वडा सदस्य पद तथा नगर पञ्चायतको सदस्य पद पूर्तिको निर्वाचनको लागि मतपत्रको ढाँचाहरू निम्नबमोजिमको हुनेछन् ।

(१) गाउँ पञ्चायतको प्रधान पञ्च र उपप्रधान पञ्च तथा गाउँ पञ्चायत र नगर पञ्चायतको वडा सदस्यपदको लागि–

| अघिल्लो भाग | पछिल्लो भाग |
|---|---|
| निर्वाचन आयोगको छाप | |

अघिल्लो भागमा पोलिङ्ग अधिकृतले पञ्चायतको लागि प्रयोग गरेको सङ्केत र निजको सही वा छाप लागेको हुनेछ ।

(२) नगर पञ्चायतको प्रधान तथा उपप्रधान पञ्च पदको लागि हुने निर्वाचनमा रेखाचिन्हको प्रयोग हुने तलको नमूनाको मतपत्र प्रयोग हुनेछ । मतपत्रको नमूनामा जतिसुकै कोठा लेखिए तापनि आवश्यक संख्यामा कोठा कायम राखी कोठाको संख्या थपघट गर्न सकिनेछ ।

629

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मतपत्र

नगर पञ्चायतको प्र. पं. / उप प्र. पं. पद पूर्तिको निर्वाचन

जिल्लाको ... ... ... ... को ... ... ... ... नगर पञ्चायतबाट

| मत सङ्केत गर्ने कोठा | | उम्मेदवारको नाम (वर्णानुक्रमले) |
|---|---|---|
| ☐ | – | श्री ... ... ... ... |
| ☐ | – | श्री ... ... ... ... |
| ☐ | – | श्री ... ... ... ... |
| ☐ | | श्री ... ... ... ... |
| ☐ | – | श्री ... ... ... ... |
| ☐ | – | श्री ... ... ... ... |

... ... ... ... ... ...

(पोलिङ्ग अधिकृतको सही)

यसको अन्तमा मतपत्र वदर हुने अवस्था रहनेछ ।

मत संकेत गर्ने तरीका

आफूले रोजेको उम्मेदवारको नाम अगाडि रहेको यस्तो ☐ कोठामा यस्तो ( ✓ ) प्रकारको रेखाचिन्ह लगाउनु पर्दछ । जस्तै ☐✓ असरी रेखाचिन्ह लगाउँदा रेखाको कोणविन्दु मात्र कोठाभित्र परे पनि मतपत्र सदर हुन्छ । जस्तै– ☐✓

(३) जिल्ला सभा सदस्यको निर्वाचनको मतपत्र तलको ढाँचाबमोजिम हुनेछ । मतपत्रको नमूनामा जतिसुकै कोठा लेखिए तापनि आवश्यक संख्यामा कोठा कायम राखी कोठाको संख्या थपघट गर्न सकिनेछ । 622

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**मतपत्र**

जिल्ला सभा सदस्य पद पूर्तिको निर्वाचन

जिल्ला ... ... ... ... ... को ... ... ... ... गाउँ । नगर पञ्चायतबाट

| मत संकेत गर्ने कोठा | उम्मेदवारको नाम (वर्णानुक्रमले) |
|---|---|
| ☐ – | श्री ... ... ... ... ... ... ... |
| ☐ – | श्री ... ... ... ... ... ... ... |
| ☐ – | श्री ... ... ... ... ... ... ... |
| ☐ – | श्री ... ... ... ... ... ... ... |

... ... ... ...

(पोलिङ्ग अधिकृतको सही)

यसको अन्तमा मतपत्र बदर हुने अवस्था रहनेछ ।

**मत संकेत गर्ने तरीका**

आफूले रोजेको उम्मेदवारको नाम अगाडि रहेको यस्तो ☐ कोठामा यस्तो ( √ ) प्रकारको रेजाचिन्ह दिनुपर्दछ । जस्तै ☑ यसरी रेजाचिन्ह लगाउँदा रेजाको कोणबिन्दु मात्र कोठाभित्र परे पनि मतपत्र सदर हुन्छ । जस्तै – ☑

४. गाउँ पञ्चायत, नगर पञ्चायत तथा जिल्ला सभाको निर्वाचन सम्बन्धी कागज हेर्न वा नक्कल लिन चाहेमा देहायको दस्तूर तिरी कागज हेर्न वा त्यसको नक्कल लिन सकिनेछ ।

(क) हेर्नसम्म चाहेमा जतिसुकै कागज हेरे पनि दरखास्त दस्तूर रू. -- १।–

(ख) नक्कल लिन चाहेमा प्रति नक्कलको रू. - -- -- १।--

५. यो सूचना राजपत्रमा प्रकाशित भएको मितिदेखि निम्नलिखित जिल्लाहरू बाहेक अन्य सबै जिल्लाहरूमा हुने निर्वाचन निमित्त लागू हुनेछ । २०२६ साल मार्ग १६ गतेको

623

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राजपत्रमा प्रकाशित यस आयोगको सूचना निम्नलिखित जिल्ला बाहेक अन्य सबै जिल्लाहरूमा हुने निर्वाचनको प्रयोगको लागि खारेज गरिएको छ ।

(१) दार्चुला (२) बाजुरा (३) बझांग (४) जुम्ला (५) हुम्ला (६) मुगू (७) तिबृकोट (८) डोल्पा (९) मुस्तांग (१०) मनाङ्ग ।

आज्ञाले—
लक्ष्मणप्रसाद रिमाल
निर्वाचन आयोगको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

६०३४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार